"समृद्ध नगरः खुशी नगरबासी"
# गुर्भाकोट नगरपालिका
# नगरकार्यपालिकाको कार्यालय
शुभाघाट, सुर्खेत
कर्णाली प्रदेश, नेपाल

☎०८३-४१००७२
E-mail: sktgurbhakotmun@gmail.com
Website: gurbhakotmun.gov.np

प.सं. : २०७६/०७७ (नगर कृषि शाखा) मिति : २०७६/०९/०६
च.नं:

## साना सिंचाई कार्यक्रम सन्चालनका लागि आवेदन पेश गर्ने सम्वन्धी सूचना

( सुचना प्रकाशित मिति २०७६/०९/०६)

गुर्भाकोट नगरपालिका कृषि शाखा शुभाघाटको आ.व.२०७६/०७७ मा कृषि विभाग वाट सर्शत अनुदान प्राप्त कार्यक्रमको लक्ष्य अनुसार सहकारी खेती , साना सिंचाई तथा मल वीउ ढुवानी कार्यक्रम तर्फ सन्चालन हुने साना सिचाई कार्यक्रम संचालनको लागि कृषक समूह / कृषि सहकारी / जल उपभोक्ता संस्थाहरूमा आवद्ध कृषकहरूवाट निवेदन संकलन गरि प्राविधक सम्भाव्यताको आधारमा सिचाई आयोजना सन्चालन गर्नुपर्ने भएकोले ईच्छुक कृषक समूह / कृषि सहकारी / जल उपभोक्ता संस्थाहरूलाई मिति २०७६/०९/०६ गते देखी लागु हुने गरि (३०दिन) २०७६/१०/०६ गते भित्र गुर्भाकोट नगरपालिका कृषि विकास शाखामा कार्ययोजना सहित प्रस्तावना पेश गर्न हुनका लागि यो सुचना प्रकाशन गरिएको छ । अन्तिम दिन सार्वजनिक विदा परेमा भोलिपल्ट कार्यालय समय भित्र निवेदन पेश गर्न सकिने छ ।निवेदन पेश गर्दा तपशिलका शर्तहरूमा रहि निवेदन पेश गर्न हुन सवैको जानकारीको लागि यो सुचना प्रकाशन गरिएको छ ।

<u>शर्तहरू</u>

१. साना सिचाई कार्यक्रममा स-साना बाँध , कुलो सुधार , संरक्षण, सिमेन्ट, पमेलिथियन पाइप, सिमेन्ट पोखरी अदि स साना अयोजनाहरूलाई सहयोग हुनेछ ।
२. निवेदक कृषक समुह (जिल्ला कृषि विकास कार्यालय वा नगर कृषि विकास शाखामा दर्ता भई प्रमाणत्र भएको) जल उपभोक्ता समिति (जफश्रोत ऐन २०४९) कृषि सहकारी
३. संस्था (सहकारी ऐन २०४८) अनुसार दर्ता भई प्रमाणपत्र नवीकरण भएको हुनुपर्नेछ ।
४. साना सिचाईको लागि निवेदन पेश गर्दा गुर्भाकोट नगरपालिकाले उपलब्ध गराएको निर्धारित फारममा अवश्यक विवरण भरी समुह/संस्थाको प्रमाणपत्रहरूको प्रतिलिपि सहित प्रति अयोजना रू.१०० (एक सय मात्र) पछि फिर्ता नहुने गरी नगरपालिकाको नगदी अम्दानी रसिद काटेको सक्कल भाचर सहित पेश गर्नु पर्नेछ ।
५. आयोजना माग गर्दा कृषक समुह/कृषि सहकारी संस्था /जल उपभोक्ता समिति निम्न लिखित कागजातहरू पेश गर्नुपर्दछ ।
    - कृषक समूह / कृषि सहकारी / जल उपभोक्ता संस्थाहरूको दर्ता प्रमाण-पत्र प्रतिलिपि ।
    - कृषक समूह / कृषि सहकारी / जल उपभोक्ता संस्थाहरूको आयोजना माग गर्नेवारे निर्णय प्रतिलिपि ।
    - सम्वन्धित वाडा कार्यालयको सिफारिस पत्र ।
    - कृषि सहकारीको हकमा हालसालै अडिट गरेको अडिट रिर्पोटको प्रतिलिपी ।
६. आयोजना स्वीकृत भएमा निर्माण कार्य स्वंम उपभोक्ता मार्फत संचालन गर्नुपर्ने छ ,ठेक्का दिन पाईने छैन।
७. आयोजनाको कार्य चालु आ.व. भित्र कार्य सम्पन्न गर्नुपर्ने छ ।
८. आयोजना स्वीकृत गर्ने नगर्ने सम्पुर्ण अधिकार नगर कार्यपालिकाको कार्यालयको हुनेछ ।
९. आयोजनाको बजेट बाँडफाँड नगर कार्यपालिकाको कार्यालयको हुनेछ ।

२०७६/०९/०६
प्रमुख प्रशासकीय अधिकृत